# मानननीय आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्बोले प्रदेश नं.१ को प्रदेश सभा समक्ष प्रस्तुत गर्नुभएको

## विनियोजन विधेयक,२०७७ का सिद्धान्त र प्राथमिकता

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं १ विराटनगर

# विनियोजन विधेयक, २०७७ का सिद्धान्त र प्राथमिकता

**माननीय सभामुख महोदय,**

१. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश नं १ को यस गरिमामय सभामा प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले यस प्रदेशको आर्थिक वर्ष २०७७/७८ को विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता पेश गर्न पाउँदा गौरवको अनुभूति गरिरहेको छु। साथै, वर्तमान समयमा विश्व भरि महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको प्रयास र यसले हाम्रो जस्तो अल्प विकसित देशको अर्थतन्त्रमा पर्ने असरबाट अर्थतन्त्रलाई पुनः जागरण गर्न थप जिम्मेवार हुनुपर्ने महशुस गरेको छु।

२. उपरोक्त चुनौतीलाई पार गर्दै प्रदेशको आर्थिक विकासकालागी रोजगारी सिर्जना मार्फत आर्थिक विकास र त्यसको प्रतिफलको समन्यायिक वितरण गर्ने मूल आकांक्षाका साथ आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताहरु यस सम्मानित सभामा पेश गर्न अनुमति चाहन्छु ।

३. कोभिड-१९ को कारण विश्वमै देखिएको महामारीका कारण विश्व अर्थतन्त्रनै प्रभावित भै विकासका प्रचलित सिद्धान्त र मान्यताहरु पुनःपरिभाषित हुन थालेका तथ्यहरु स्वीकार्न थालिएको छ । साथै, यो महामारीको कारणवाट हुन सक्ने मानवीय क्षति न्यूनीकरणमा स्थानीय तह र प्रदेश सरकारले देखाएको तदारुकता र खेलेको भूमिकाका कारण नेपालमा संघीयताको औचित्य र महत्व थप पुष्टि भएको तथ्य सर्वस्वीकार्य रहेकोछ ।

४. कोरोना संक्रमण जोखिम न्यूनीकरण गर्न चालिएका कदमका कारण देशले हाल गम्भीर आर्थिक समस्याको सामना गर्नु परेको छ। अन्य क्षेत्रका अतिरिक्त श्रम क्षेत्रको बाह्य क्षेत्र संगको अन्तर आवद्धताको कारण अर्थतन्त्र प्रभावित भएको छ | भविष्यमा यो अझ गम्भीर रुपमा प्रकट हुने पूर्वानुमान गरिएको छ । उक्त असरबाट

प्रदेश पनि अछुतो रहन सक्दैन। तसर्थ आगामी बर्षको बजेटले यो महामारीको असर बाट प्रदेशका नागरिकहरुलाई सुरक्षित राख्ने, आर्थिक असर न्यूनीकरण गर्न योगदान पुर्याउने र प्रदेशको आर्थिक विकासको खाका निर्क्यौल गरि भविष्यमा विकासको आधार तयार गर्नु पर्ने भएको छ।

५. यस परिवेशमा विनियोजन विधेयक २०७७ को सिद्धान्त र प्राथमिकता तय गर्दा नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, मौलिकहकहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, राज्यले लिएको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने अठोट पुरा गर्न प्रदेशको तर्फबाट पुर्याउनुपर्ने योगदान र प्रदेशको द्रुत विकासप्रति नागरिकको आकांक्षा, प्रदेशको पहिलो पञ्चवर्षीय आवधिक योजनालाई प्रमुख मार्गदर्शनको रुपमा लिएको छु। यसका अतिरिक्त दिगो विकास लक्ष्य प्राप्तिमा प्रदेशको तर्फबाट गर्नुपर्ने योगदान, नेपाल सरकारको नीति तथा कार्यक्रम, स्थानीय तहका प्राथमिकताहरु र प्रदेशहरु बिचको अन्तरसम्बन्धलाई बजेट तर्जुमाको आधारको रुपमा लिएको छु ।

६. प्रदेशको आवधिक योजनाले लिएका विकासका लक्ष्यहरु प्राप्त गर्ने, जनअनुमोदित सरकारको चुनावी घोषणापत्रको प्रतिवद्धता पुरा गर्ने र कोभिड-१९ को महामारीको कारण सिर्जना भएका चुनौतीहरुको सामना गर्न प्रदेशको तर्फबाट पुर्याउनुपर्ने योगदानलाई समेत बिशेष ध्यान दिएको छु ।

**माननीय सभामुख महोदय,**

अव म विनियोजन विधेयक, २०७७ मा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्तहरु यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७. लोकतान्त्रिक राज्य व्यवस्थामा नागरिकको स्थान सर्वोच्च हुने सिद्धान्तमा आधारित भै प्रदेशका नागरिक मालिक हुने, जनप्रतिनिधी नागरिकका प्रतिनिधि हुने र सरकार नागरिकको सेवक हुने मान्यतालाई अंगिकार गर्दै समाजवाद तर्फ अग्रसर हुन आधार तयार गर्न आगामी बजेट केन्द्रित हुनेछ ।

८. नेपालको संविधानले तिन तहका सरकार बिचको सम्बन्ध सहयोग, सह-अस्तित्व र समन्वयका आधारमा रहने व्यवस्था गरे अनुरुप नेपाल सरकारले लिएको लक्ष्य प्राप्तिमा प्रदेशको तर्फबाट योगदान पुर्याउने र स्थानीय तहहरुको समन्वय गरी स्थानीय तहहरुको विकासको माग सम्वोधनमा प्रदेशको सक्रिय र प्रभावकारी भूमिका निर्वाह गर्दै सह-अस्तित्वको सिद्धान्तलाई अंगिकार गर्ने गरी आगामी बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

९. कोभिड-१९ को महामारीका कारण मानवीय, सामाजिक तथा आर्थिक क्षेत्रमा पर्ने असरको दुष्चक्रबाट माथि उठ्न राष्ट्रलाई प्रदेशको तर्फबाट पुर्याउन सकिने योगदानमा विशेष ध्यान दिइनेछ | विश्वको इतिहासमा आएका कैयन महामारीले विकासको अवसरलाई उजागर गरेको उदाहरणलाई हृदयंगम गर्दै मानवीय, आर्थिक तथा सामाजिक विकासका लागि अल्पकालीन उपायको कार्यान्वयन तथा मध्यकालीन र दीर्घकालीन उपायहरुको पहिचान र शुरुवात गरिनेछ।

१०. संविधानको दायरा भित्र रही नेपाल सरकारको वित्तीय नीतिलाई योगदान पुर्याउन सक्ने प्रदेश सरकारका वित्तीय उपकरणहरुको पहिचान गरी प्रयोग गरिनेछ। उद्यमशीलता विकासको माध्यमबाट प्रदेशको समग्र अर्थतन्त्रलाई व्यवस्थित गर्न संरचनागत व्यवधानहरुलाई न्यूनीकरण गर्न आगामी बजेट केन्द्रित हुनेछ। रोजगारी सिर्जना मार्फत उत्पादकत्व वृद्धि गरी आर्थिक विकास गर्ने सिद्धान्तको पालना गर्न आगामी बजेट तथा कार्यक्रम केन्द्रित गरिनेछ।

११. सीमित स्रोत र अधिक आकांक्षाका वीच उपलब्ध स्रोत तथा साधनको प्रभावकारी र सक्षम व्यवस्थापन गर्ने तर्फ ध्यान दिइनेछ । उपलब्ध श्रोतको विनियोजन दक्षता र समन्यायिक वितरणमा जोड दिइनेछ ।

१२. आर्थिक विकासमा हरेक नागरिकको समान अधिकार रहन्छ भन्ने सिद्धान्तलाई हृदयंगम गर्दै विकासमा सम्पूर्ण नागरिकको सहभागिता सहितको विकासलाई जोड दिइनेछ।समाजको तल्लो तहको नागरिकहरुलाई आत्मसम्मान प्राप्त हुनेगरी कार्यक्रम तय गरिनेछ ।

१३. सरकार सबैको लागि हुन्छ भन्ने सिद्धान्तको अनुसरण गरिनेछ। यसका लागी प्रदेश सरकार निजी क्षेत्रकालागी सहजकर्ता र साझेदार, सहकारी तथा सामुदायिक क्षेत्रकालागी सहजकर्ता तथा संरक्षक साथै सीमान्तकृत समुदायकालागि संरक्षक तथा अविभावकको भूमिका निर्वाह गर्न सक्ने कार्यक्रमहरुमा जोड दिइनेछ।

**माननीय सभामुख महोदय,**

अव म विनियोजन विधेयक, २०७७ मा समावेश हुने बजेट तथा कार्यक्रमका प्राथमिकताहरु यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१४. प्रदेश नं.१ प्राकृतिक स्रोत साधनको प्रचुर उपलब्धता, उर्वर कृषियोग्य भूमिको उपलब्धता, पर्यटनको अपार सम्भावना एवम् अन्तराष्ट्रिय बजार र व्यापारको समेत सहज पहुँचका तुलनात्मक लाभहरुले युक्त छ।यस परिवेश र पृष्ठभूमिमा प्रदेशको द्रुततर विकासका लागि अर्थतन्त्रका सम्पूर्ण क्षेत्रहरूलाई उत्प्रेरित र क्रियाशील गराई आर्थिक विकास र समृद्धितर्फ अग्रसर गराउनु जरूरी छ।यस दिशातर्फ प्रदेश सरकार अगाडी बढिरहेको सन्दर्भमा अहिले कोरोना महामारीबाट विश्वमै ठूलो मानवीय र आर्थिक क्षति भएको छ भने मनोवैज्ञानिक त्रास पनि सिर्जना भएको छ।कोभिड-१९ ले सिर्जना गरेको संकट न्यूनीकरण गर्न चालिएका कदमहरूबाट विश्व अर्थतन्त्र नै प्रभावित हुन पुगेको छ।मानव जीवन माथिको यो विश्वव्यापी संकटले विकासका सिद्धान्त,मान्यता र प्राथमिकताहरू पुनः परिभाषित हुन थालेका छन्।यस सन्दर्भमा प्रदेशका प्राथमिकता पनि तदनुरूप प्रभावित हुनु स्वभाविकै हो।

१५. कोभिड-१९ को कारणले गर्नु परेको लक डाउनले गर्दा देशको अर्थतन्त्र, सामाजिक क्षेत्र र अन्य क्षेत्रमा परेको प्रभावको अध्ययन, ती प्रभावको निराकरणको उपाय, धरासायी भएका कृषि तथा उद्योग व्यवसायहरूलाई चलायमान र गतिशिल बनाउने र राहत तथा पुनर्स्थापना सम्बन्धी आवश्यक नीतिगत स्रोतगत व्यवस्था गरिनेछ।कोरोना संक्रमणको जोखिम नियन्त्रण गर्न चालिएका कदमहरूबाट अर्थतन्त्रमा देखा परेको शिथिलताको अन्त्य गर्दै आर्थिक गतिविधिलाई पुनर्जीवन दिन

नयाँ विश्वास, जागरण, क्रियाशीलता र द्रुत गतिका साथ अघि बढाउने  दिशा तर्फ बजेट केन्द्रित हुनेछ। साथै  राहत र पुनर्स्थापनामा बजेट केन्द्रित हुनेछ।

१६. संविधानले परिलक्षित गरेको लोक कल्याणकारी राज्य निर्माणका लागि सामाजिक न्याय सहितको तीव्र आर्थिक विकास तथा सबै प्रकारका असमानताको अन्त्य गर्ने आत्मनिर्भर, उन्नतशील, स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माणमा योगदान गर्नेतर्फ आगामी वर्षको बजेट निर्देशित हुनेछ।

१७. समृद्ध नेपाल सुखी नेपाली को राष्ट्रिय लक्ष्य पुरा गर्न र प्रदेशको आवधिक योजनाले निर्दिष्ट गरे अनुसारको विकास आवश्यकता सम्बोधन गर्न स्वच्छ सुखी र समुन्नत प्रदेशको अवधारणा अनुरूप हामी अघि बढिरहेका छौं। यसै सन्दर्भमा पन्ध्रौं योजनाले लिएका विकासका आवधिक एवं दीर्घकालीन लक्ष्यहरू, मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुने प्रतिवद्धता, दिगो विकास लक्ष्य हासिल गर्ने हाम्रो राष्ट्रिय रणनीतिसँगै विश्वव्यापी कोरोना महामारीका कारण सिर्जना भएका नयाँ चुनौतीहरूको सामना गर्ने तर्फ प्रदेशको तर्फबाट खेल्न सक्ने भूमिकामा विशेष ध्यान दिइनेछ ।

१८. कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार एवम् भविष्यमा आउनसक्ने विभिन्न महामारी विरूद्ध लड्न स्वास्थ्य सेवालाई सबल र सुदृढ तुल्याइनेछ। स्वास्थ्य सेवामा सबै नागरिकको सहज पँहुच सुनिश्चित गर्दै सेवाको गुणस्तर अभिवृद्धिमा जोड दिदै अस्पताल र स्वास्थ्य पूर्वाधारको विकास तथा सेवा विस्तारमा प्राथमिकता दिइनेछ। सबैको लागि अनिवार्य स्वास्थ्य वीमाको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।

१९. वैदेशिक रोजगारीबाट फर्केका तथा कोभिड -१९ का कारणले स्वदेशमा रोजगारी गुमेकाहरुलाई स्वरोजगारउन्मुख हुन उत्प्रेरित गर्ने कार्यक्रम तर्जुमा गरिनेछ। सीपमूलक तालीम मार्फत उद्यमशीलता र स्वरोजगारी सिर्जना गर्दै उत्पादनसँग जोड्ने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२०. प्रदेशको समष्टिगत आर्थिक अवस्थाको वस्तुपरक  यथार्थ विश्लेषणको आधारमा कृषि उद्योग वीचको अन्तरसम्बन्ध (Agro Industrial Linkage) को आधारमा विकास नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ।

२१. प्रदेशमा कोरोना संकटबाट उत्पन्न हुने गरिवी तथा वेरोजगारीको समस्याको सम्बोधन गर्न र आम नागरिकको आधारभूत आवश्यकताको परिपूर्तिकालागि उपलब्ध श्रोत र साधनको न्यायोचित ढङ्गले आदर्श उपयोगको आधारमा प्रदेश विकास नीति, योजना तर्जुमा, प्राथमिकता प्राप्त क्षेत्रको पहिचान र प्रादेशिक महत्वका रणनीतिक आयोजनाको कार्यान्वयनमा जोड दिइनेछ।

२२. स्थानीय स्तरमा रोजगारी सृजना गर्ने, उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने उद्योगहरूलाई प्रोत्साहन गरिनेछ। एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापनाका लागि प्रदेश सरकारले प्राथमिकता दिनेछ।परम्परागत उद्यम, कृषिजन्य, पशुजन्य, वनजन्य, जडिबुटीजन्य र युवालाई उद्यम प्रवर्द्धनमा जोड दिइनेछ।

२३. प्रदेशका सक्रिय जनसङ्यालाई क्रियाशील बनाउँदै उद्यम र उत्पादनमूलक क्षेत्रमा श्रम, सीप, समय र पूँजी लगानी गरि प्रोत्साहन गर्नका लागि मानव संशाधन विकास, गरिबी न्यूनिकरण र रोजगारी सिर्जना समेत हुनेगरी क्षमता अभिवृद्धि तालिम, सीप र उद्यमशिलता विकास तालिम र युवालाई उद्यमशील बनाउन विशेष कार्यक्रम सञ्चालनमा लागि बजेटले प्रथमिकता दिनेछ ।

२४. प्राविधिक तथा व्यवसायिक शिक्षामा नागरिकको पहुँच बढाई दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न कार्यक्रमगत सुदृढीकरणमा जोड दिइनेछ। विद्यालय शिक्षामा विद्युतीय शिक्षा (E- Education) मा जोड दिई विद्यालयमा सूचना तथा प्रविधिको पूर्वाधार विकास, विद्यालय नर्सिङ्ग सेवा विस्तार तथा एक भन्दा बढी विद्यालयहरू आपसमा गाभिन प्रोत्साहित गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।उच्च शिक्षालाई अनुसन्धानमूलक बनाइनेछ ।

२५. खाद्यान्न, तरकारी, फलफूल, माछामासु लगायतका वाली वस्तुहरूको विद्यमान उत्पादन प्रणालीमा रहेका समस्याहरू पहिचान गरी प्रथम प्रादेशिक योजनाको लक्ष्य

र रणनीति अनुरूप उन्नत प्रविधिको अधिकतम प्रयोगवाट निजी, सहकारी, अन्तरसरकार समन्वय तथा सहकार्यमा कृषि व्यवसायीकरणका कार्यक्रमहरूको माध्यमवाट प्रदेशको खाद्य तथा पोषण सुरक्षा सुनिश्चत गर्न पहल गरिनेछ।

२६. दुध, माछामासु, खाद्यान्न, फलफूल, तरकारी आदिको व्यवसायिक उत्पादनका लागि विशेष उत्पादन क्षेत्रहरू तोकि समूह तथा सहकारी मार्फत उत्पादन तथा बजारीकरण गर्ने नीति अवलम्वन गरिनेछ।

२७. कोरोना महामारीका कारण विदेशवाट फर्केका र स्वदेशमा रहेका तथा कृषि सम्वन्धी अनुभव ज्ञान र सीप भएका वेरोजगार युवाहरूलाई कृषि पेशामा आवद्ध गरि उत्पादनमा जोड्न व्यवसायिक योजनामा आधारित उद्यमका लागि कृषि उद्यम कर्जा उपलव्ध गराईनेछ।

२८. दलित, सीमान्तकृत तथा विपन्न वर्गका महिलाहरुलाई आत्मनिर्भर बनाउन स्थानीय तहसँगको साझेदारीमा आर्थिक सशक्तीकरण कार्यक्रम सञ्चालनमा जोड दिइनेछ। लैङ्गिक समानता हासिल गर्न तथा लैङ्गिक हिंसा न्यूनीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।जेष्ठ नागरिकको लागि आवश्यक कार्यक्रम बनाइनेछ ।

२९. भूमि-बैंकको स्थापना सम्बन्धमा आवश्यक तयारी पुरा गरि भूमिको उपलब्धता र प्रयोगलाई सहज, सरल र वैज्ञानिक बनाउन आधार तयार गरिनेछ। भू-उपयोग नीति अनुसार जग्गाको प्रयोगलाई सुनिश्चित गर्न संघ र स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरिनेछ।

३०. खेलकुद क्षेत्रको विकासलाई प्राथमिकता दिदै खेलकुदका निर्माणाधीन पूर्वाधारको विकास र विस्तारमा जोड दिइनेछ। विभिन्न भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र संवर्धनमा जोड दिइनेछ।

३१. प्रत्येक जिल्लाको पर्यटकीय गुरुयोजना निर्माण गरिनेछ र महत्वपूर्ण पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास गरिनेछ। संभाव्य पर्यटकीय गन्तव्यहरुको पहिचानका साथै प्रमुख पर्यटकीय स्थल, प्राकृतिक एवं ऐतिहासिक, धार्मिक, सांस्कृतिक स्थल, राष्ट्रिय सम्पदा र उद्यानहरुलाई पर्यटकीय गन्तब्यको रुपमा विकास गरी पर्यटकीय

क्षेत्रको प्रवर्ध्दनमा जोड दिईनेछ। विभिन्न धार्मिक पर्यटन सर्किटहरुको संभाव्यता अध्ययन र पूर्वाधार विकासका लागि स्थानीय तहसंग सहकार्य गरिनेछ ।

३२. प्रदेशभित्र उत्पादन र व्यापारको संभावना रहेका आर्थिक रुपले महत्वपूर्ण जडीबुटीहरुको व्यापक खेती विस्तार गरी क्रमशः औद्योगिकीकरण तर्फ लैजानका लागि जडीबुटी जोन (Zone) को विकास तथा जडीबुटी लगायत वनमा आधारित हरित उद्योग र व्यवसायको प्रवर्धन एवं विस्तार गरी रोजगारी सृजना गरिनेछ ।

३३. जैविक विविधता संरक्षणको माध्यमबाट दिगो व्यवस्थापनका लागि गुरुयोजना निर्माण गरिनेछ सरकारी तथा समुदायमा आधारित वन व्यवस्थापनका पद्धतिहरुलाई दिगो एवं वैज्ञानिक वनाइने छ। विदेशबाट आयात हुने काठको आयातालाई क्रमशः प्रतिस्थापन गर्दै लगिनेछ।

३४. कोभिड १९ को कारणले पर्यटन उद्योग, घरेलु उद्योग, साना तथा मझौला उद्योगमा परेको क्षतिको अध्ययन गरि पूर्ववत् अवस्थामा ल्याउन आवश्यक नीति लिइनेछ ।

**माननीय सभामुख महोदय,**

३५. प्रदेशको अधिकतम कृषियोग्य जमिनमा वर्षैभरी सिंचाइ सुविधा पुर्याउनका लागि आधुनिक र प्रविधियुक्त सिंचाइ पूर्वाधारको विकास गरिनेछ। तराईमा ठूला र मझौला तथा पहाड र उच्च भागमा मझौला र साना सिँचाइ प्रणालीको विकासलाई निरन्तरता दिइनेछ।

३६. प्रदेशभित्र स्वदेशी तथा वैदेशिक लगानीलाई आकर्षित गर्दै उत्पादन वृध्दि तथा रोजगारी श्रृजना गर्न उद्योगधन्दाहरूलाई भरपर्दो विद्युत सेवाको प्रत्याभूति दिइनेछ। निजीक्षेत्रसंग सहकार्य गरी जलविद्युत आयोजना र सौर्यशक्तिवाट समेत विद्युत उत्पादन गर्न पहल गरिनेछ। आगामी आ. व. मा प्रदेशका सवै ठाउँमा विद्युत पहुँच पुर्याइनेछ ।

३७. प्रदेशमा निर्माण हुने ठूला आयोजनाहरुमा निजी तथा अन्य क्षेत्रको सहभागितालाई प्रदेशले आवश्यक सहजीकरण गरिदिने व्यवस्था मिलाइनेछ । यस्ता आयोजनाहरुमा

निजीक्षेत्र तथा स्थानीय जनताको समेत लगानीलाई सहजीकरण गर्न र सेयर सहभागिता गराउन आवश्यक पहल गरिनेछ।

३८. प्रत्येक नागरिकलाई खानेपानी सेवा पुर्याउने उद्देश्य तथा एक घर एक धाराको लक्ष्य लिई आयोजनाहरु संचालित गरिनेछ।विभिन्न प्रविधिको उपयोगवाट खानेपानी आपूर्तिको उपलब्धतामा ध्यान दिइनेछ।प्रदेश खुला दिसामुक्त क्षेत्र घोषित भएको सफलतालाई निरन्तरता दिँदै १४ वटै जिल्लामा पूर्ण सरसफाई कार्यक्रमलाई अगाडी बढाइनेछ।

३९. प्रदेशको प्रत्येक निर्वाचन क्षेत्रलाई समेटेर छनौट गरिएका बहुवर्षीय सडक आयोजनाहरूलाई विशेष प्राथमिकता दिई सम्पन्न गराउनका लागि निरन्तरता दिईनेछ।मुख्यमन्त्री ग्रामीण सडक कार्यक्रमलाई निरन्तरता दिईनेछ। प्रादेशिक विशेष सडक तथा पुलका योजनाहरूलाई प्राथमिकता साथ संचालन गरिनेछ।प्रदेश सरकारवाट छनौट भएका बहुवर्षीय सडक पुल र झोलुङ्गे पुल निर्माणको कार्यलाई निरन्तरता दिईनेछ। क्रमागत आयोजना हरुलाइ पुन:प्राथमिकीकरण गरी निरन्तरता दिइनेछ ।

४०. यातायात व्यवस्था कार्यालयहरूबाट सम्पादन गरिने कार्यहरूलाई नवीनतम प्रविधिको प्रयोग गरी सहज, सरल र प्रभावकारी बनाइनेछ।

४१. दायित्व सिर्जना भइसकेका बहुवर्षीय आयोजनाहरूको लागि तोकिएको बजेट सीमामा प्राथमिकताका साथ सुनिश्चितता गरेर मात्र थप आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न र मन्त्रालयहरूलाई उपलब्ध हुने स्रोतको सीमा र मध्यकालीन खर्च संरचनाको सीमाभित्र रहेर मात्र बहुवर्षिय स्रोत सुनिश्चितता गरिनेछ।

४२. नयाँ आयोजनाको पहिचान तथा छनौट गर्नुपर्ने भएमा पूर्वसम्भाव्यता अध्ययन, प्रचलित कानून बमोजिम गरिने वातावरणीय अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयारी जस्ता कार्यमा बजेट सुनिश्चित गरेर मात्र आयोजना अगाडी बढाउने प्रक्रिया अवलम्वन गरिनेछ।

४३. विपन्न समुदायको लागि जनता आवास कार्यक्रमलाई निरन्तरता दिईनेछ । गुणस्तरीय पूर्वाधार निर्माण गर्न प्रदेश स्तरीय निर्माण सामग्री गुणस्तर प्रयोगशाला स्थापना गरी संचालन गरिनेछ।

४४. प्रदेश सभाको लागि सुविधा सम्पन्न सभा हल, सचिवालयको भवन निर्माण कार्य आरम्भ गर्न र आवास गृहको संभाव्ययता अध्ययन गर्न वजेट व्यवस्था गरिनेछ। प्रदेश सभा र प्रदेश सभा सचिवालयलाई विद्युतीय सुशासनको माध्यमबाट संचालन गर्न, प्रदेश सभाका माननीय सदस्यज्यूहरु र संसदीय समितिहरुको भूमिका प्रभावकारी वनाउन आवश्यक वजेट व्यवस्था गरिनेछ।

४५. समाजमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न सुरक्षा निकायलाई थप सुदृढीकरण गर्ने, विपद् जोखिम न्यूनीकरणको नीतिगत व्यवस्था सहित विपद् पूर्व तयारी, प्रतिकार्य र राहत तथा पुनर्स्थापनाको कार्यलाई प्रभावकारी बनाउने कार्यमा जोड दिइनेछ।

४६. संघीयताको प्रभावकारी कार्यान्वयनको निम्ति कानून निर्माण र कार्यान्वयन तथा प्रदेशमा आम सञ्चार र सूचना प्रविधि तथा चलचित्र क्षेत्रको विकास र विस्तारमा जोड दिइनेछ। लागूपदार्थ तथा दुर्व्यसन मुक्त र नैतिकवान समाजको निर्माण उद्देश्य सहित सञ्चालित "म अघि बढ्छु" कार्यक्रम अभियानको रुपमा सञ्चालन गर्ने विषयलाई प्राथमिकता दिइनेछ।

४७. प्रदेश योजना आयोगवाट लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक व्यवस्थापन प्रणाली निर्माण गर्ने, गराउने र अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाको तर्जुमा गर्ने, गराउने कार्यमा संलग्न रहि वजेट तर्जुमा र कार्यन्वयनमा प्रभावकारिता ल्याइनेछ। पूर्वाधार विकासमा तीव्रता र निरन्तरता दिन पुँजीगत खर्चको अंश बढाउँदै प्राथमिकता प्राप्त आयोजनाहरूमा स्रोत-साधनको सुनिश्चितता गरिनेछ। मध्यमकालीन खर्च संरचना, संभाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदनका आधारमा योजनाहरूको छनौट गर्ने, परियोजना बैंक तयार गरी आयोजनाहरूको प्राथमिकीकरण गर्ने, उपयुक्त आयोजना छनौट प्रणाली विकास गर्ने जस्ता कार्यलाई प्राथमिकतामा राखिनेछ।

४८. प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश संगठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र संगठित संस्थाको पदमा उम्मेदवार छनौटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई व्यवस्थित गरी प्रदेश एवम् स्थानीय तहको सार्वजनिक प्रशासनलाई समावेशिता सहित सक्षम, सुदृढ, उत्तरदायी तथा सेवामुखी बनाइनेछ ।

४९. प्रदेशमा लगानीको वातावरण तयार गर्न र लगानीको स्रोत जुटाउन लगानी सम्मेलन गरिनेछ। लगानीको न्यूनता पुरा गर्न निजीक्षेत्र, सार्वजनिक-निजी र सार्वजनिक-निजि-सहकारी-सामुदायिक साझेदारीको लगानीलाई प्रोत्साहन गरिनेछ। बैकल्पिक वित्तिय उपकरण मार्फत लगानी जुटाउन सार्वजनिक निजि साझेदारीमा संस्थागत व्यवस्था गरिनेछ।

५०. सम्पूर्ण प्रदेशबासीहरुमा निर्भयताका साथ जीवनयापन गर्न सुरक्षित प्रदेशको रूपमा विकास गरी, संघीय सरकार र स्थानीय तह सँगको समन्वय,सहकार्य र साझेदारीबाट नागरिकका हककित तथा मानवअधिकार संरक्षण गर्दै समावेशी विकास र समतामूलक समाजको निर्माण गरी विधिको शासन मार्फत सुशासनको प्रत्याभूति गरिनेछ। भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

५१. संघीयता कार्यान्वयनमा हालसम्म हासिल भएका उपलब्धीहरूलाई संस्थागत गर्दै संघ, प्रदेश र स्थानीय तहको समन्वयात्मक प्रयासबाट उपलब्ध सबै साधन,श्रोत, क्षमता र सम्भावनाको दिगो रूपमा अधिकतम उपयोग गरी द्रुत विकास गर्न आगामी आर्थिक वर्षको बजेट निर्दिष्ट हुनेछ। प्रदेशबाट स्थानीय तहमा हुने राजस्व बाँडफाँडलाई थप वैज्ञानिक र व्यवस्थित बनाइने छ। स्थानीय तहबाट संकलन भई प्रदेशलाई समेत बाँडफाँड गर्नु पर्ने राजस्वको संकलन, नियमित बाँडफाँड र सामयिक प्रतिवेदन प्रणालीको विकास गरिनेछ। करको दायरा विस्तारको संभावनाको आवश्यक अध्ययन गरी आन्तरिक राजस्वको क्षमता वृध्दि गरिनेछ ।

५२. प्रदेश र स्थानीय तहको लागत सहभागितामा संचालन हुने आयोजनाहरुको सफल कार्यान्वयन र प्रभावकारिताको लागि समपूरक अनुदानको प्रभावकारिता अभिवृद्धि गरिनेछ।

५३. कोभिड-१९ को कारणले राजस्व र अन्य स्रोतमा परेको चापको कारणले सीमित स्रोतको उच्चतम र मितव्ययी तवरले उपयोग गर्नुपर्ने भएको छ। यस सन्दर्भमा अनावश्यक प्रशासनिक खर्च नियन्त्रण, परामर्श खर्च, करार नियुक्ति जस्ता विषयहरूको खर्च न्यूनीकरण गरी सार्वजनिक खर्चलाई व्यवस्थित र मितव्ययी वनाउने नीति लिइनेछ।

५४. प्रदेशको विनियोजन कुशलता र खर्च गर्ने क्षमता अभिवृद्धि गर्दै वित्तिय संघीयताको कार्यान्वयनलाई थप पारदर्शी, जवाफदेही र नतीजामुखी बनाइनेछ। बजेट तथा योजना तर्जुमामा प्रदेशस्तरीय योजना तथा बजेट कार्यक्रम तर्जुमा दिग्दर्शन,२०७६ र मध्यमकालीन खर्च संरचनाका प्रक्रियाहरू अपनाइनेछ।

**माननीय सभामुख महोदय,**

५५. समग्रतामा आगामी आर्थिक वर्षको बजेट कोरोनाको रोकथाम, नियन्त्रण, उपचार, राहत, उत्पादनशील क्षेत्रमा लगानी वृद्धि, उद्यमशीलताको विकास मार्फत रोजगारीका अवसर वृद्धि गरी उत्पादन र उत्पादकत्वको वृद्धि मार्फत गरिबी न्यूनीकरण, बिकासको लाभांशको समुचित वितरण, शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणात्मक सुधार, गुणस्तरीय र दिगो पूर्वाधार विकास, सूचना प्रविधिको विकास र विस्तार र जैविक विविधता संरक्षण, पर्यटन विकास र सुशासन कायम गर्ने तर्फ उन्मुख हुनेछ।

प्रस्तुत सिद्धान्त र प्राथमिकता माथि माननीय सदस्यहरूले घनीभूत छलफल गरी आगामी आर्थिक वर्षको बजेट निर्माणमा महत्वपूर्ण सुझावहरु दिनुहुने हुने विश्वास लिएको छु।

**धन्यवाद**